# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असार १८ गते २०३३ साल [ अतिरिक्ताङ्क ९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. १

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

१८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३२।३३ को विभिन्न सेवा र कार्यहरूमा संचित कोषबाट केही थप रकम खर्च गर्ने अधिकार दिने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– आर्थिक वर्ष २०३२।३३ को निमित्त विभिन्न सेवा र कार्यहरूमा खर्च गर्न विनियोजन ऐन, २०३२ द्वारा अधिकृत गरिएको रकम अपर्याप्त भएकोले ती सेवा, कार्यहरूमा केही रकम थप गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम:– यस ऐनको नाम "पूरक विनियोजन ऐन, २०३३" रहेको छ।

२. आर्थिक वर्ष २०३२।३३ को निमित्त संचित कोषबाट थप रूपैयाँ खर्च गर्ने अधिकार:– आर्थिक वर्ष २०३२।३३ को निमित्त अनुसूची १ बमोजिम संचित कोषमाथि व्ययभार हुने बाहेक अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएको सेवा र कार्यहरूको निमित्त अनुसूची २ को कालम ४ मा र अनुसूची ३ को कालम ४ मा निर्दिष्ट गरिएबमोजिम जम्मा रूपैयाँ ९,५६,८६,०००।– (नौ करोड छपन्न लाख छयासी हजार) मा नबढाई त्यतिसम्मको रकम संचित कोषबाट थप खर्च गर्न सकिनेछ।

३. विनियोजन:– यो ऐनद्वारा संचित कोषबाट थप खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०३२।३३ को निमित्त अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएको सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

तर उक्त सेवा र कार्यको निमित्त यो दफा र विनियोजन ऐन, २०३२ को दफा ३ द्वारा विनियोजन गरिएको जम्मा रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट जम्मा रूपैयाँ २०,००,००० (बीस लाख) मा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# अनुसूची--१

नेपालको संविधान अनुसार संचित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | संचित कोषमाथि व्ययभार हुने रकम रू. हजारमा |
| १ | १–७ | निर्वाचन आयोग | २५,०० |

मुद्रण विभाग, सिंहदरबार

१४५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--२

दफा २ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | २–४ | प्रहरी | ५०,२८ |
| २ | २–६ | विविध | ४६,८५ |
| ३ | ६–१ | वैदेशिक सेवा | १६,७८ |
| ४ | ६–२ | विविध | २४७० |
| ५ | ७–१ | रक्षा | ६,२० |
| ६ | ८–४ | पञ्चायत | ११,०० |
| ७ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३०,०० |
| ८ | १२–६ | अन्य | १,३६,२७ |
| ९ | १२–७ | भैपरिआउने | ७५,०० |
| | | | ४,०३,०८ |

मुद्रण विभाग, सिंहदरबार

१४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची--३

दफा २ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | ८–२ | स्वास्थ्य | १,१५,०० |
| २ | ८–४ | पञ्चायत | २७,०० |
| ३ | ९–१ | कृषि | १,५०,०० |
| ४ | ९–६ | उद्योग तथा खानी | ७,०० |
| ५ | ९–८ | यातायात | १,००,०० |
| ६ | १२–६ | अन्य | १,३४,७८ |
| ७ | १२–७ | भैपरिआउने | २०,०० |
| | | | ५,५३,७८ |

लालमोहर सदर मिति:–२०३३।३।१८।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।